# सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भनेको के हो?

## मुख्य सन्देश

सरल अर्थमा सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भन्नाले एउटा सानो बच्चाको विकासका दुई वा दुई भन्दा बढी क्षेत्रहरूमा  विकासात्मक कोसेढुङ्गा अर्थात उपलब्धि हासिल गर्न उल्लेखनीय ढिलाइ भएको अवस्था हो। सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) जीवनभरको रोग निदान होइन; यो एउटा अस्थायी अवस्था हो जसले त्यो बच्चा र उसको परिवारलाई आवश्यक सहयोग सेवा प्राप्त गर्न सक्ने अवसर प्रदान गर्छ।

LIVING WELL WITH
GLOBAL
DEVELOPMENTAL
DELAY



# यात्राको सूरूवात

जब तपाईं आफ्नो बच्चाको विकासको बारेमा चिन्तित हुनुहुन्छ, तपाईं उत्तरहरू चाहनुहुन्छ। तपाईंले चिन्ता गर्नुपर्ने केही कुरा छ कि छैन र समस्या के हुन सक्छ भन्ने जान्न चाहनुहुन्छ। झन् महत्वपूर्ण कुरा त तपाईं आफ्नो बच्चालाई सहयोग गर्न के गर्न सकिन्छ भन्ने जान्न चाहनुहुन्छ। तपाईंको बच्चालाई सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भएको बताउनु तपाईंको बच्चा र परिवारका लागि सेवा प्राप्त गर्ने पहिलो चरण हो। हामीलाई थाहा छ कि जीवनका प्रारम्भिक वर्षहरूले भविष्यको आधार तयार पार्छन्, त्यसैले चाँडै सहयोग प्राप्त गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ।

तपाईंको बच्चालाई सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भएको थाहा पाउनाले तपाईंले आवश्यक सहयोग प्राप्त गर्न सक्ने बाटो खोल्छ। (प्रारम्भिक बाल हस्तक्षेपको बारेमा थप जान्न यहाँ क्लिक गर्नुहोस्)

## सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भन्नाले के जनाउँछ?

शिशुहरू र बच्चाहरूले सामान्यतया बस्ने, घस्रँने, हिँड्ने, बकबक गर्ने, कुरा गर्ने र शौचालय प्रयोग गर्न सिक्ने जस्ता मुख्य सीपहरू सिक्ने गर्छन्। यी सीपहरूलाई विकासात्मक उपलब्धि (कोसेढुङ्गा) भनिन्छ, जुन सामान्यतया निश्चित क्रममा र अनुमान गर्न मिल्ने उमेरमा देखा पर्छन्। जब बच्चाले सामान्य उमेरमा यी कुनै पनि उपलब्धिहरू हासिल गर्न सक्दैन, तिनीहरूलाई त्यस क्षेत्रमा विकासात्मक ढिलाइ भएको रूपमा वर्णन गरिन्छ।

LIVING WELL WITH GLOBAL DEVELOPMENTAL DELAY

यदि बच्चा विकासका कम्तीमा दुई क्षेत्रमा उपलब्धिहरू हासिल गर्न उल्लेखनीय रूपमा ढिलो गर्छ भने, उसलाई सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भएको भनेर चिनिन्छ।

यदि बच्चा उनीहरूको उमेरको बच्चा अनुसारको सीपहरू सिक्नमा कम्तीमा ६ महिना पछाडि छ भने, त्यसलाई 'उल्लेखनीय ढिलाइ' मानिन्छ। यदि बच्चा समय भन्दा पहिले जन्मिएको थियो भने, बच्चाको 'समायोजित' उमेर प्रयोग गरिन्छ। यो उमेर त्यो हो जुन उनीहरू पूर्ण अवधिमा जन्मिएको भए हुने थियो।

विकासका क्षेत्रहरू विभिन्न तरिकामा वर्णन गर्न सकिन्छ तर तीमध्ये निम्न कुराहरू समावेश हुन्छन्:

- संज्ञानात्मक वा सोच कौशल (समस्या समाधान, स्मरण क्षमता)
- ठूलो मोटर विकास (बस्ने, घिस्रने, हिँड्ने, उफ्रने जस्ता शरीरका ठूला गतिविधिहरू)
- सूक्ष्म मोटर विकास (साना वस्तुहरू वा खेलौनाहरू लिन हात र औँलाहरू प्रयोग गर्नु, सीसाकलम समात्नु, टाँकहरू र जिपहरू लगाउनु)
- सञ्चार (बोली र भाषा सीप)
- सामाजिक र व्यक्तिगत सीपहरू (वयस्कहरू र अन्य बच्चाहरूसँग अन्तरक्रिया गर्नु; आफ्नै व्यवहारलाई नियमन गर्नु)
- स्व - सहायता सीपहरू (खाने, शौचालय प्रयोग गर्ने, लुगा लगाउने)

सबै बच्चाहरू एकै गतिमा विकास गर्दैनन्; त्यहाँ धेरै भिन्नताहरू छन्। त्यसैले हामी ढिलाइको ढाँचालाई हेर्छौं र यो दुई वा बढी विकासका क्षेत्रहरूमा देखिन्छ कि देखिँदैन भनेर हेर्छौं। कुनै एक क्षेत्रमा मात्र भएको ढिलाइलाई 'सर्वाङ्गी (ग्लोबल)' भनिँदैन, र यसलाई सामान्य रूपमा विकासात्मक ढिलाइ भनेर उल्लेख गर्न सकिन्छ।

LIVING WELL WITH GLOBAL DEVELOPMENTAL DELAY




## सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) एक ‘अस्थायी (प्लेसहोल्डर; placeholder) निदान हो

यो बुझ्नु पनि महत्त्वपूर्ण छ कि सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) जीवनभरको निदान होइन। यो बच्चाको विकासको कुनै एक समयमा गरिएको वर्णन हो, र केवल एक अन्तर्निहित अवस्था पहिचान गर्न नसकिने अवस्थामा मात्र प्रयोग गरिन्छ, उदाहरणका लागि बच्चा मानक परीक्षणमा सहभागी हुन अझै सानो छ। यसलाई हामी अस्थायी (प्लेसहोल्डर; placeholder) निदान भन्छौं, एक अस्थायी विवरण जसले हामीलाई बताउँछ कि बच्चाले हामीले आशा गर्ने उपलब्धिहरू हासिल गरिरहेका छैनन्।

यदि तपाईंको बच्चाको विकासात्मक ढिलाइ उमेर बढ्दै जाँदा जारी रहन्छ भने, ती कारणहरू अझ स्पष्ट हुनेछन् र त्यसपछि थप विशिष्ट निदान गर्न सकिन्छ।

## जीडीडी (GDD) का कारणहरू के हुन्?

जीडीडी (GDD) को सबैभन्दा सामान्य कारण बच्चाको जीन वा क्रोमोसोममा समस्या हो, उदाहरणका लागि डाउन सिन्ड्रोम वा फ्रेजाइल एक्स सिन्ड्रोम।

कहिलेकाँही, बच्चालाई मस्तिष्क वा मेरुदण्डको संरचना वा विकासमा समस्याहरूको कारण जीडीडी (GDD) हुन सक्छ।

अन्य कारणहरूमा निम्न कुराहरू समावेश हुन सक्छन्:

- चाँडो जन्मनु (प्रिम्याचुरिटी), जन्म आघात
- सङ्क्रमण (उदाहरणका लागि मेनिन्जाइटिस वा एन्सेफलाइटिस)
- मेटाबोलिक रोगहरू, जस्तै थाइरोइड ग्रन्थि (हाइपोथायरायडिज्म) कम सक्रिय हुनु
- गर्भावस्थामा मदिरा जस्ता विषालु पदार्थको सम्पर्कमा पर्नु, वा दुर्घटना वा डुब्न लागेको घटनाबाट मस्तिष्कमा चोट पुग्नु।

केही बच्चाहरूको लागि, जीडीडी (GDD) को कारण कहिल्यै पहिचान हुँदैन।

## सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) शब्द किन प्रयोग गर्ने?

बच्चालाई सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भएको रूपमा पहिचान गर्नु सहयोगी हुन्छ किनकि यसको मतलब तपाईंले प्रारम्भिक बाल हस्तक्षेप सेवाहरू र सहायताहरूमा पहुँच प्राप्त गर्न सक्नुहुन्छ, र एनडिआईएस (NDIS) अन्तर्गत सहायताको लागि पनि योग्य हुनुहुनेछ।

एनडिआईएस (NDIS) अन्तर्गतको सहायताको लागि चाहिने योग्यताले स्पष्ट रूपमा भन्छ कि ७ बर्ष भन्दा कम उमेरका बच्चाहरूलाई निदानको आवश्यकता पर्दैन। यसबारे थप जानकारीको लागि, एनडिआईएस (NDIS) वेबसाइटमा हेर्नुहोस्:

https://www.ndis.gov.au/understanding/families-and-carers/early-childhood-approa ch#help-for-children-younger-than-7

## तिनीहरू किन "ढिलाइ" को बारेमा कुरा गर्छन्?

'ढिलाइ' भन्ने शब्द प्रयोग गर्दा अन्योल हुन सक्छ। यसले बच्चा समयसँगै आफ्ना समकक्षीहरूसँग बराबरीमा पुग्नेछ र अब ढिलाइ रहने छैन भन्ने सङ्केत गर्छ। यद्यपि, सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भएको पहिचान गरिएका अधिकांश बच्चाहरूले जीवनभर सिकाइसम्बन्धी अप्ठ्याराहरूको अनुभव गर्नेछन्। जब उनीहरूको सिकाइ र अन्य आवश्यकताहरू स्पष्ट हुँदै जान्छन्, तब उनीहरूलाई विशेष अशक्तता वा अशक्तताहरू भएको भनेर निदान गरिने सम्भावना हुन्छ। यसले सेवाहरूलाई अझ लक्षित रूपमा प्रदान गर्न सक्ने बनाउँछ, जसले उनीहरूलाई आवश्यक सहयोग प्रदान गर्न सहज हुन्छ।

LIVING WELL WITH GLOBAL DEVELOPMENTAL DELAY

तपाईंको बच्चालाई सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay) भएको बताउनु तपाईंको बच्चा र परिवारको लागि सहयोग प्राप्त गर्ने तपाईंको यात्राको सुरुवात हो। सबैभन्दा महत्त्वपूर्ण कुरा बुझ्नुपर्ने भनेको—सहयोग उपलब्ध छ!

# आमाबाबुका लागि स्रोतसाधनहरू

रोयल चिल्ड्रेन हस्पिटल (Royal Children's Hospital) (२००९)। विकासात्मक ढिलाइ: अभिभावकहरूका लागि जानकारीमूलक मार्गनिर्देशिका। पार्कभिल, भिक्टोरिया: रोयल चिल्ड्रेन अस्पताल।

http://www.rch.org.au/uploadedFiles/Main/Content/cdr/Dev_Delay.pdf

सर्वाङ्गी विकासमा ढिलाइ (Global Developmental Delay)। सम्पर्क – अशक्त बालबालिका (यूके) भएका परिवारहरूको लागि

https://contact.org.uk/conditions/global-developmental-delay/

# व्यवसायीहरूका लागि स्रोतहरू

अमेरिकी मनोचिकित्सा संघ (२०२२)। मानसिक विकारहरूको निदान तथा तथ्याङ्क पुस्तिका: *DSM-5-TR* (पाँचौं संस्करण, पाठ संशोधन।)। अमेरिकी मनोचिकित्सा सङ्घ प्रकाशन (American Psychiatric Association Publishing)।

प्रारम्भिक बाल शाखा (Division of Early Childhood) (२००९)। योग्यता मापदण्डको रूपमा विकासात्मक ढिलाइ डिईसी (DEC) अवधारणा कागज। मिसौला, मोन्टाना: प्रारम्भिक बाल शाखा (Division of Early Childhood), असाधारण बच्चाहरूको लागि परिषद (Council for Exceptional Children)।

http://dec.membershipsoftware.org/files/Position%20Statement%20and%20Paper

LIVING WELL WITH GLOBAL DEVELOPMENTAL DELAY

s/Delay%20Concept%20Paper.pdf

म्याकलिन, एम., स्मिथ, बी., म्याककर्मिक, के., शकेल, जे., र म्याकभोय, एम (१९९१)। विकासात्मक ढिलाइ: पूर्वविद्यालय तहका विशेष आवश्यकता भएका बालबालिकाको वर्गीकरणका लागि मापदण्डहरू निर्धारण गर्नु। प्रारम्भिक बाल शाखा (Division of Early Childhood) को वक्तव्य, असाधारण बच्चाहरूको लागि परिषद (Council for Exceptional Children)। वाशिंगटन, डीसी: असाधारण बच्चाहरूको लागि परिषद्।

राष्ट्रिय असक्तता बीमा योजना (National Disability Insurance Scheme) २०१३ परिमार्जित रूपमा नं. २०, २०१३। क्यानबेरा, एसीटी (Canberra, ACT): Commonwealth of Australia।

रोयल अस्ट्रेलियन कलेज अफ फिजिसियन पिडियाट्रिक एण्ड चाइल्ड हेल्थ डिभिजन (२०१३)। पदीय अभिव्यक्ति: विकासात्मक असक्तता भएका बालबालिकाका लागि प्रारम्भिक हस्तक्षेप। सिड्नी, एनएसडब्ल्यू: रोयल अस्ट्रेलियन कलेज अफ फिजिसियन।